आज मिति २०८२ साल मंसिर २६ गते विहान ०९ : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को पाचौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | भिषण घर्ती | सहयोगी | |
| ५ | लोकेन्द्र विष्ट | सहयोगी | |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## पाचौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. कार्यविधि स्वीकृत सम्बन्धमा ।
३. स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
४. मालपोत कार्यालय रोल्पालाई अनुदान सम्बन्धमा ।
५. विद्यालय भवन निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा ।
६. नेपाल बालसाहित्य समाजलाई आर्थिक सहयोग सम्बन्धमा ।
७. सामाजिक सुरक्षा कोषमा आवद्ध सम्बन्धमा ।
८. विविध छलफल सम्बन्धमा ।

## २०८२ मंसिर २६ गते बसेको पाचौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कार्यविधि स्वीकृत सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक रहेको **"मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुका लागि विशेष सहयोग सम्बन्धी कार्यविधि, २०८२"** स्वीकृत गर्न आवश्यक रहेको । | कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको **"मानसिक तथा मनोसामाजिक समस्या प्रभावित व्यक्तिहरुका लागि विशेष सहयोग सम्बन्धी कार्यविधि, २०८२"** लाई स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा । | स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको निर्णयलाई अनुमोदन गर्न आवश्यक देखिएको । | मिति २०८२/०८/१४ गते बसेको स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको वैठकको निर्णय अनुमोदन गर्ने र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता श्री जनज्योती माध्यामिक विद्यालय गजुल रोल्पामा सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | मालपोत कार्यालय रोल्पालाई अनुदान सम्बन्धमा । | मालपोत कार्यालय लिबाङ, रोल्पाबाट मोठ, श्रेष्ता बेण्डिङ तथा दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि रकम माग भई आएको । | मालपोत कार्यालय लिबाङ, रोल्पाबाट मिति २०८१/०३/३१ गतेको पत्रानुसार मोठ श्रेष्ता, बेण्डिङ तथा दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न असहज भएको र २०८० श्रावण देखि २०८१ अषाढ मसान्तसम्म बाँडफाँड भई रु. १५९९५५९।- (अक्षरुपी पन्ध्र लाख उनान्सय हजार पाँच सय उन्साठी रुपैया)मात्र प्राप्त भएको र सो रकमको १0% रु. १५००००।- (एक लाख पचास हजार मात्र) रकम माग भई आएको हुदाँ चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम शर्च शिर्षक गत आ.व.को दायित्व भुक्तानी खर्च शिषर्षकबाट रु. ६००००।- (साठी हजार रुपैया मात्र) रकमको अनुदान सहयोग उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | विद्यालय भवन निर्माणका लागि जग्गा प्राप्ती सम्बन्धमा । | श्री जनकल्याण आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुलकोट पानीपोखरा रोल्पा र श्री देविभक्त आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. १ रोल्पाको निःशूल्क रुपमा प्राप्त भएको जग्गा रजिष्ट्रेशन पासका लागि मालपोत कार्यालय लिबाङ, रोल्पालाई लेखि पठाउन आवश्यक रहेको । | श्री जनकल्याण आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. ६ गजुलकोट पानीपोखरा रोल्पाको मिति २०८२/०७/३० गतेको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति २०८२/०८/०२ गतेको निःशूल्क जग्गा उपलब्धको लागि सार्वजनिक सूचनाका लागि अनुरोध भई आएको र यस गाउँपालिकाको मिति २०८२/०८/०३ गतेको निःशूल्क जग्गा प्राप्ति सम्बन्धि सार्वजनिक सूचना बमोजिम सूचनाको म्याद भित्र मिति २०८२/०८/१४ गतेका दिन विद्यालयको प्रयोजनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं. ६ निवासी रमेश थापा क्षेत्रीको मात्र विद्यालयलाई निःशूल्क जग्गा दिन इच्छुक भएको भनि रितपूर्वक निवेदन प्राप्त भएको हुदाँ निज थापा क्षेत्रीको नाममा दर्ता श्रेष्ता भएको साविक गजुल गा.वि.स. वडा नं. ४ मा पर्ने कित्ता नं. ३४२ को ४०५ वर्ग मिटर जग्गा निःशुल्क (दान, स्वरुप विद्यालयलाई उपलब्ध गराउनु भएको र श्री देविभक्त आधारभूत विद्यालय सुनिलस्मृति गाउँपालिका वडा नं. १ थुम्पाकी रोल्पाको मिति २०८२/०८/०७ गतेको विद्यालय व्यवस्थापन समितिको | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्णय सहित मिति २०८२/०८/०७ गतेको निःशूल्क जग्गा उपलब्धको लागि सार्वजनिक सूचनाका लागि अनुरोध भई आएको र यस गाउँपालिकाको मिति २०८२/०८/१० गतेको निःशूल्क जग्गा प्राप्ति सम्बन्धि सार्वजनिक सूचना बमोजिम सूचनाको म्याद भित्र मिति २०८२/०८/१८ गतेका दिन विद्यालयको प्रयोजनका लागि सुनिलस्मृति गाउँपालिका वडा नं. १ निवासी ललित के.सी.को मात्र विद्यालयलाई निःशूल्क जग्गा दिन इच्छुक भएको भनि रितपूर्वक निवेदन प्राप्त भएको हुदाँ निज के.सी.को नाममा दर्ता श्रेष्ता भएको साविक घोडागाउँ गा.वि.स. वडा नं. ९ मा पर्ने कित्ता नं. ५७२ को १६०५ वर्ग मिटर जग्गा निःशुल्क (दान) स्वरुप विद्यालयलाई उपलब्ध गराउनु भएको हुदाँ उक्त जग्गाहरु विद्यालयको नाममा निःशुल्क रजिष्ट्रेशन पासका लागि मालपोत कार्यालय लिबाङ, रोल्पालाई लेखि पठाउने । | |
| ६ | नेपाल बालसाहित्य समाजलाई आर्थिक सहयोग सम्बन्धमा । | नेपाल बाल साहित्य समाज ३० औं राष्ट्रिय (एसियास्तरीय) बालसाहित्य सम्मेलन-२०८२ स्थानीय मूल आयोजक समिति, रोल्पाबाट सम्मेलनलाई भव्य, सभ्य र व्यवस्थित बनाउनका लागि सहयोग माग भई आएको । | मिति २०८२/०७/२३ गतेका दिन नेपाल बाल साहित्य समाज ३० औं राष्ट्रिय (एसियास्तरीय) बालसाहित्य सम्मेलन-२०८२ स्थानीय मूल आयोजक समिति, रोल्पाबाट सम्मेलनलाई भव्य, सभ्य र व्यवस्थित बनाउनका लागि सहयोग माग भई आएको हुदाँ चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम शर्च शिर्षक विविध खर्च शिर्षकबाट सहयोग स्वरुप रु. २००००।- (विस हजार रुपैया) रकम अनुदान रकम उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | सामाजिक सुरक्षा कोषमा आवद्ध सम्बन्धमा । | गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुलाई चालु आ.व.को श्रावण देखि सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक रहेको । | गाउँपालिकामा कार्यरत करार तर्फका कर्मचारीहरुलाई चालु आ.व.को श्रावण देखि सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने तथा User Name र Password का लागि सामाजिक सुरक्षा कोषमा लेखि पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ८ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) रोजगार संयोजक पदपूर्ति समिति गठन सम्बन्धमा । | क) रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ दफा ६ बमोजिम तपसिलको समिति गठन गर्ने ।<br>तपसिल<br>१) निजामती सेवाका राजपत्रांकित द्धितिय श्रेणि स्वर्गद्वारी नगरपालिका भिङ्ग्री प्यूठानका प्रमुख प्रशासकीय अधिकृत श्री केशवराज भट्टराई - संयोजक<br>२) स्वर्गद्वारी नगरपालिकाका भिङ्ग्री प्यूठानका सूचना प्रविधि अधिकृत श्री सौन्दर्य मणि सुबेदी - विज्ञ सदस्य<br>३) सुनिलस्मृति गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री नगेन्द्र प्रसाद रिजाल -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष